# साँफेबगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## साँफेबगर, अछाम
## सुदूरपश्चिम प्रदेश, नेपाल

०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२


## कार्यपालिका निर्णयहरु सार्वजनिकरण

**आ.व.**२०८०/८१ **बैठक मिति:** २०८०/०४/३०

**बैठक नं.** १ **समय: बिहान:** ११: ०० बजे

प्रस्तावहरु:

१. रिपोर्टिङ्
२. प्रतिनिधी तथा अख्तियारनामा दिने सम्बन्धमा ।
३. बाल अधिकार समितिले तय गरेको नारा अनुमोदन गर्ने सम्बन्धमा ।
४. विविध ।

निर्णयहरु:

### निर्णय नं.१

प्रस्ताव नं. १ माथि छलफल गर्दा साँफेबगर नगरपालिका अन्तर्गतका १४ वटै वडाहरुको पछिल्लो अवस्थाका बारे तथा समसामयिक विषयवस्तुमा केन्दित रही सम्बन्धित वडाका वडा अध्यक्षबाट रिपोर्टिङ कार्य भई साँफेबगर नगरपालिकाको पछिल्लो अवस्थाका बारेमा कार्यपालिका बैठकका अध्यक्ष एवम कार्यवाहक नगर प्रमुखज्यूबाट समसामयिक विषयमा आधारित भई संक्षिप्तरुपमा प्रतिवेदन प्रस्तुत गर्दै कार्य सञ्चालनमा आइपरेका समस्या तथा ती समस्याको समाधानका लागि गरिएका प्रयासहरुको बारेमा नगर प्रमुखज्युबाट जानकारी गराउँदै रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

### निर्णय नं.२

प्रस्ताव नं. २ माथि छलफल गर्दा अछाम जिल्ला साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, साँफेबगर नगरपालिकाका नगर प्रमुख, नगर उपप्रमुख, नगर शिक्षा समिति र नगर शिक्षा अधिकारी समेत (पाँच) निकायलाई विपक्षी बनाई अछाम जिल्ला साँफेबगर नगरपालिका वडा न. ६ वस्ने वर्ष ३८ की हैकला कुमारी रावलले सम्मानित श्री सर्वोच्च अदालत रामशाहपथ काठमाण्डौमा अन्तरिम आदेश सहितको उत्प्रेषण लगायत उपयुक्त आदेश जारी गरी पाउँ भनी दिनु भएको रिट निवेदन मुद्दा नं ०७२-WO-१४०१ मुद्दाको काम कारवाही किनारा गर्नको लागि उदयपुर जिल्ला हडिया गा.वि.स. वाड नं. १ को हाल परिवर्तित चौदण्डीगडी न.पा.वडा नं.१० स्थाई घर भई हाल का.जि.का. म.न.पा. वडा न २९ बस्ने विलट दास चौधरीको नाति, आशाराम चौधरीको छोरा वर्ष ४७ का राम श्रेष्ठ चौधरी (ना.प्र.नं. २६१११/ ४३९१) जारी मिति २०५०/१०/२८ जि.प्र.का उदयपुर ज्यूलाई प्रतिनिधि तथा अख्तियारनामा दिने सर्वसम्मत निर्णय पारित गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं.३ माथि छलफल गर्दा यससाँफेबगर नगरपालिकामा गठित नगर स्तरीय बाल अधिकार समितिले बाल अधिकारको सवालमा तय गरेको नारा "बाल शोषण अन्त्य र बालमैत्री नगरको लक्ष्य,बाल अधिकार सुनिश्चितता साँफेबगरको सबलपक्ष" भन्ने नारालाई अनुमोदन गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।